नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३२ अंक २४३ २०८० साल बैशाख १८ गते सोमबार (1 May 2023 Monday) मूल्य रु. ५/-

**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : मिटरब्याज पीडितको न्यायका लागि... ३ पृष्ठमा : दण्डहीनताविरुद्ध शान्ति समाजले ... ३ पृष्ठमा :सुडानमा फेरि भीषण...

## हावाहुरीबाट बचौं र बचाऔं

- घरको संरचना बलियो बनाऔं,
- हावाहुरी चल्न थालेपछि झ्यालढोका थुनौं,
- छानालाई राम्ररी हुक तथा तारले कसेर बाधौं,
- छतका गमला सुरक्षित रुपमा राखौं,
- जस्तापातालगायतका वस्तुहरु खुल्ला र जथाभावी नछोडौं,
- हावाहुरी चलेमा भागदौड नगरौं, बिस्तारै सुरक्षित स्थानमा जाऔं,
- सुरक्षित ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउँको छोपी घोप्टो परौं,
- हावाहुरी चलेको समयमा सवारी साधन रोकेर सुरक्षित स्थानमा बसौं।

हावाहुरीबाट हुने क्षति कम गर्न पूर्व तयारी एवं सतर्कता अपनाऔं।

**जनहीतका लागि**

# ८ बुँदे माग राख्दै कानुन व्यवसायीद्वारा एक हप्ते दवाबमूलक अभियान सुरु






**दैनिक समाचारदाता**
**राजविराज, १७ बैशाख ।**

उच्च अदालत बार एशोसिएशन तथा सप्तरी जिल्ला बार एकाईको अगुवाईमा सप्तरीका कानुन व्यवसायीहरु एक हप्ते दबाबमूलक अभियान सुरु गरेका छन् ।

कानुन व्यवसायीहरुले विभिन्न ८ बुँदे माग अघि सार्दै आइतबारदेखी एक हप्ते दबाबमूलक अभियान सुरु गरेका हुन् ।

एशोसिएशन र एकाईले एक हप्ते अभियान अन्तरगत संसदीय सुनुवाई समिति गठन गर, संबैधानिक परिसद्को बैठक बोलाउ, स्वतन्त्र न्यायपालिकाको रक्षा गर, प्रधान न्यायधिशको अविलम्ब नियुक्ति गर लगायतका ८ वटा नारा समेत तय गरेको छ ।

एशोसिएशन र एकाईले न्यायपालिकामा देखिएको बिकृती र बिसंगतिको अन्त्य, पूर्णस्वचालित पेशी व्यवस्थापन प्रणालीको थालनी प्रधानन्यायाधिशको अविलम्ब नियुक्त लगायतका माग राखी एक हप्ते दबाबमूलक अभियान सुरु गरेको उच्च अदालत बार एशोसिएशनका अध्यक्ष भरत यादवले बताए ।

माग पुरा गराउन दबाब दिन एक हप्तासम्म प्ले कार्ड र ब्यानरसहित अदालतको प्रवेशद्वारमा शान्तिपूर्ण प्रदर्शन गरिने सप्तरी जिल्ला बार एकाईका अध्यक्ष रामप्रसाद चौधरीले बताए ।

उनले सो अभियान संचालन गर्दा सेवाग्राहीको काममा असर नपर्ने गरि दैनिक दिउँसो २ बजेदेखी ३ बजेसम्म एक घण्टा उक्त कार्यक्रम आयोजना गरिने जानकारी समेत दिए ।

संबैधानिक परिसद्का प्रमुख र सम्बन्धीत सबै निकायको ध्यानाकर्षण गराउन उक्त दबाबमूलक अभियान देशैभर एकै दिन सुरु भएको कानुनी व्यवसायीहरुले जनाएका छन् ।

# भाउजुलाई पेट्रोल छर्केर मारेका देवरलाई जन्मकैद



**दैनिक समाचारदाता**
**राजविराज, १७ बैशाख ।**

पेट्रोल छर्केर जलाएर भाउजुको हत्या गरेको आरोपमा पक्राउ परेका देवरलाई सप्तरी जिल्ला अदालतले जन्मकैदको फैसला गरेको छ ।

उक्त मुद्दा उपर सुनुवाई गर्दै सप्तरी जिल्ला अदालतका न्यायाधिश हर्कबहादुर क्षेत्रिको इजलाशले उक्त कर्तब्य ज्यान मुद्दाको सुनुवाई गर्दै यस्तो फैसला गरेको हो ।

सप्तरीको बोदेबरसाइन नगरपालिका १ निवासी २२ बर्षिय देवर परमेश्वर साहले घरायसी बिवादमा २७ बर्षिया भाउजु राजकुमारीलाई पेट्रोल छर्केर आगो लगाई ज्यान मारेको अभियोगमा जन्मकैद र ३ लाख क्षतिपूर्ती भराउने फैसला भएको हो ।

यस्तै बयान फेरेको आरोपमा मृतकका पति २९ बर्षिय रबिन समेतलाई ५ दिन कैद र २ हजार जरिवानाको फैसला भएको अदालतले जनाएको छ ।

२०७८ साल माघ २१ गते घरमा खाना पकाइरहेका बेला अचानक पछाडीबाट आएका देवर परमेश्वरले पेट्रोल खन्याई आगो लगाइदिदा राजकुमारी गम्भिर घाइते भएको र उपचारकै क्रममा उनको मृत्यु भएको प्रहरीले अदालतमा पेश गरेको कागजात प्रमाणमा उल्लेख छ ।

सुरुमा मृतककी ५ वर्षिया छोरी पूजा र पति रबिनले पनि परमेश्वरले आगो लगाएर मारेको बयान दिएका थिए । तर, राजकुमारीको मृत्यु भएपछि पति रविनले भने भाईसँग मिलि बयान फेरेकाले उनलाई पनि झुठा बकपत्र बापत कैद सजाय तोकिएको अदालतले जनाएको छ ।

मृतकका बुबा बद्रि साहको जाहेरीले पीडितका तर्फबाट सरकारी बकिल मो. मुन्नाका साथै अधिवक्ता किरणकुमारी साह र अशोक चौधरीले निशुल्क बहस गरेका थिए । प्रतिवादीका तर्फबाट अधिवक्ता बालकिशोर यादव र बिमल साहले बहस गरेका थिए ।

# मोटरसाइकलको ठक्करबाट बाखा मरे, चालकसहित दुई जना घाइते

**दैनिक समाचारदाता**
**राजविराज, १७ बैशाख ।**

सप्तरीको बलानबिहुल गाउँपालिका ६ सेहरा चौकस्थित हुलाकी राजमार्गमा बाखालाई ठक्कर दिएर मोटरसाइकल अनियन्त्रित भई दुर्घटनामा हुँदा दुई जना घाइते भएका छन् ।

पूर्वबाट पश्चिमतर्फ आउँदै गरेको बा९१प.९४६२ न. को मोटरसाइकलले बाखालाई ठक्कर दिंदा अनियन्त्रित भई दुर्घटना भएको प्रहरीले जनाएको छ ।

उक्त ठक्करबाट बाखा मरेको तथा माटरसाइकल चालक जिल्लाकै सुरूङगा नगरपालिका ३ करहर्वा बस्ने २६ वर्षिय शम्भू कुमार साह र पछाडी सवार अर्का युवक घाइते भएका छन् ।

उनको हात र खुट्टामा चोट अवस्था सामान्य रहेको र सोहि मोटरसाइकल पछाडी सवार डाक्नेश्वरी ५ तरही बस्ने २५ वर्षिय युवकको चिउँडो, टाउको र शरीरको बिभिन्न भागमा चोट लागेकोले दुबै जनालाई बिराटनगरस्थित नोबेल अस्पताल पठाइएको प्रहरीले जनाएको छ ।

# आगलागिमा दुई लाख मुल्य बराबरको क्षति

**दैनिक समाचारदाता**
**राजविराज, १७ बैशाख ।**

सप्तरीको राजगढ गाउँपालिका ६ फकिरामा आइतबार आगलागि भएको छ । स्थानिय फुल महम्मद मंसुरीको घरमा आगलागि हुँदा उनको घर जलेर नष्ट भएको छ ।

प्रहरीका अनुसार अचानक आगलागि हुँदा उनको घर र घर भित्र रहेको लताकपडा, अन्नबालि, खाट, कुखुराको खोर गरी २ लाख मुल्य बराबरको क्षति भएको छ ।

आगो प्रहरी चौकी झुटकीबाट खटिएका प्रहरी टोली र स्थानीयहरुको सहयोगमा नियन्त्रामा लिइएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

# टिपर पल्टियो

**दैनिक समाचारदाता**
**राजविराज, १७ बैशाख ।**

सप्तरीको तिरहुत गाउँपालिका ४ डिमन चोकस्थित चन्द्र नहरको बाटोमा शनिबार गिटी लोड भएको टिपर पल्टिएको छ ।

प्रहरीका अनुसार प्र.२-०१-००१ख.००३८ नं. को गिट्टी लोड भएको टिपर उक्त नहरको पुलमा ईट्टाको गाह्रो भाँसि तल झरेको हो ।

टिपर पल्टिदा मानविय क्षति नभएको तथा टिपरलाई माथि निकाल्ने काम भइरहेको जिलला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं ।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं ।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं ।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं ।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म ब्यवस्था गरी राखौं ।

**अनुरोधकर्ता**
**राजगढ गाउँपालिका, सप्तरी**

## सम्पादकीय

### जनताको खबरदारी आवश्यक

संघीय लोकतन्त्र देशमा जनताको भूमिका महत्वपूर्ण हुन्छ । जनतासँग सरोकार राखने कुनै पनि कार्यमा जनता नै सर्वपरी हुन्छ । तर, जनताले यस्तो अधिकारको सदुपयोग गर्न नसक्दा सबैभन्दा बढी विकासीय कार्यहरु प्रभावित हुन पुगेको छ । विकासको नाममा जताभावी रुपमा बजेटको दुरुपयोग भइरहेमा जनताले त्यसलाई खबरदारी गर्न अति आवश्यक छ । भ्रष्टाचार गर्नु कानुन विपरीत कार्य तथा जनताको चहानामाथी कुठाराघात गर्नु हो । विकास भन्ने शब्द यस्तो पाटो हो जसले समाजको भौतिक रुपलाई सुन्दर बनाउछ । जुन सबै जनताको पहिलो चाहना र काम गर्ने नेताको पहिलो प्राथमिकतामा पर्दछ ।

समाजमा परिवर्तन ल्याउनु छ भने सबै भन्दा पहिले विकास अनिवार्य हो । सप्तरी जिल्ला विकासको पर्खाईमा दशकौंदेखी भौतारिदै छ । विगतका पाँच वर्षमा जिल्लामा विकास त भयो तर उपलब्धीमूलक भएन् । विकासको सुरुवात भयो, सम्पन्न हुन सकिरहेको छैन् । जसकारण कुनै-कुनै स्थानमा त विकासको नाममा ब्रहमलुट नै मचिए । केही प्रतिशतमा विकास भने भएको छ । जुन अत्यन्त सह्ानिय कार्य हो । विकासका लागि जनप्रतिनिधिहरुको सकारात्मक कदम, जनताको साथ र सहज वातावरण आवश्यक पर्दछ । यी तीनै कुरा मिल्न सके मात्र विकास सम्भव छ । होइन भने जति चाहे पनि विकास हुदैन् ।

तसर्थ कुनै पनि स्थानको विकासका लागि सकारात्मक सोच आवश्यक पर्नुका साथै जनताको हस्तक्षेप समेत अनिवार्य हुन्छ । जसले गर्दा जनताको चाहना अनुसार विकासले गति लिन्छ । अनि मात्र जनप्रतिनिधिहरु पनि तदारुकताका साथ अगाडी बढ्न सक्छन् ।

# मिटरब्याज पीडितको न्यायका लागि सरकार अगाडि बढ्छ : गृहमन्त्री

जनकपुरधाम, १७ वैशाख (रासस) । उपप्रधानमन्त्री तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठले अनुचित लेनदेन(मिटरब्याज) सम्बन्धी पीडितहरुको न्यायका लागि सरकार निर्ममतापूर्वक अगाडि बढ्ने बताउनुभएको छ ।

अनुचित लेनदेन ( मिटरब्याज) सम्बन्धी जाँचबुझ आयोग, केन्द्रीय कार्यालयको आइतबार जनकपुरधाममा उद्घाटन गर्नुहुँदै गृहमन्त्री श्रेष्ठले मिटरब्याज समस्यालाई सामन्तवादको अवशेषको संज्ञा दिँदै यस्तो समस्या समाधान र पीडकहरुलाई कानुनको कठ्घरामा ल्याउन सरकार निर्ममतापूर्वक प्रस्तुत हुने बताउनुभयो ।

मिटरब्याजीहरुले विभिन्न बहाना, शक्ति र कागजको आधार देखाउँदै शोषण गरिरहेको भन्नुहुँदै गृहमन्त्री श्रेष्ठले वर्तमान सरकारलाई कुनै प्रकारका अनुचित कारोबार सह्य नहुने स्पष्ट पार्नुभयो । “लाखौ शोषित पीडत जनताको योगदानबाट देशमा परिवर्तन आएको छ तर पनि समाजमा विभिन्न नामका उत्पीडन, शोषण र सामन्तवादका अवशेषहरु बाँकी छन्, त्यसैको एउटा स्वरुप मिटरब्याज समस्या पनि हो । वर्तमान सरकारको प्रमुख प्राथमिकता सामाजिक न्यायसहितको समृद्धि हासिल गर्न संविधानले परिकल्पना गरेको सामाजिक न्यायसहितको समृद्धि हासिल गर्नु हो र यसमा हामी प्रतिवद्ध छौं ।”

त्यसैगरी उहाँले लामो संघर्ष र बलिदानबाट प्राप्त पछिल्लो उपलब्धीको वकालत र संविधानको कार्यान्वयन गर्दा त्यसलाई राजनीतिक मात्र नभई आम जनताको सामाजिक, आर्थिक रुपान्तरणसँग जोड्न अपरिहार्य रहेको बताउनुभयो ।

**‘न्यायका लागि सहयोग गर्न अपिल’**

कार्यालय उद्घाटन कार्यक्रममा उपप्रधानमन्त्री एवं गृहमन्त्री श्रेष्ठले अनुचित लेनदेन (मिटरब्याज) सम्बन्धी जाँचबुझ आयोग विशेष प्राथमिकता र उद्देश्यसहित स्थापना गरिएकाले सबै तहका सरकार, सुरक्षा अङ्ग र राजनीतिक दलहरुलाई सहयोगका लागि अपिल गर्नुभयो ।

“विगतमा पनि यस्ता आयोग बनेका छन् । ति अयोगले समस्या पहिचान गर्ने तर त्यसको समाधान नहुने कारणले जनविश्वास आर्जन गर्नसकेका छैनन्”, उप्रधानमन्त्री श्रेष्ठले भन्नुभयो, “अहिले बनेको मिटरब्याजसम्बन्धी आयोग विशेष ठहर र योजनासहित बनेको छ । यसले समस्या पहिचान मात्रै होइन, हरेक पीडितहरुको उजुरी र गुनासो लिएर समस्या समाधान गर्छ । त्यसमा आश्वस्त हुन म आग्रह गर्न चाहन्छु ।”

मिटरब्याज पीडित संघर्ष समितिसँग भएको पाँच बुँदे समझदारीअनुसार सरकारले विशेष संकल्पसहित पाँच वटा काम गर्न लागेको श्रेष्ठले जानकारी दिनुभयो । “अनुचित लेनदेनलाई फौजदारी अपराध मानेर नयाँ कानुन आउँदैछ त्यो मन्त्रिपरिषद्बाट पारित भइसक्यो । पीडितसँगको समझदारीअनुसार जाँचबुझ आयोग बनेर काम सुरु भयो । हरेक जिल्लामा प्रमुख जिल्ला अधिकारीको नेतृत्वमा आयोगलाई सहजीकरण गर्ने गरी संयन्त्र बनेको छ । पीडितले बन्दगी राखेका सम्पत्ति फुकुवा र प्रमाणको अभाव देखाउँदै अदालतबाट पनि न्याय नपाउने अवस्था अन्त्यका लागि सरकारले समन्वय गरिरहेको छ”, श्रेष्ठले भन्नुभयो ।

यसैगरी पीडकको कुनै पार्टी नभए पनि विभिन्न बाहनामा राजनीतिक संरक्षण गर्ने, प्रहरी, प्रशासनले पनि पीडितका मुद्दालाई गम्भीरतापूर्वक नलिने परिपाटीलाई पनि वर्तमान सरकारले भत्काउने भन्दै श्रेष्ठले सहयोगका लागि सबै राजनीतिक दल एवं सरकारका संयन्त्रलाई अपिल गर्नुभयो ।

कार्यक्रममा आयोगका अध्यक्ष बद्रीबहादुर कार्कीले पनि मधेश प्रदेशको राजधानी जनकपुरधाममा केन्द्रीय कार्यालय स्थापना गरेर काम सुरु भइसकेकाले सबै सरोकारवालालाई सहयोगका लागि आग्रह गर्नुभयो । उहाँले आयोगले सुक्ष्मरुपमा समस्याको अध्ययन अनुसन्धान गरी त्यसको समाधान हुने गरी काम गर्ने प्रतिवद्धतासमेत व्यक्त गर्नुभयो ।

**२४ घण्टामा पीडकलाई कठ्घरामा ल्याउँछौ: मुख्यमन्त्री यादव**

कार्यक्रममा मधेश प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवले अधिकारको अभावमा प्रदेश सरकारले चाहेर पनि मिटरब्याजलगायत प्रदेशका समस्या समाधान गर्न नसकेको गुनासो गर्नुभयो ।

प्रहरी र कर्मचारी समायोजन भएमा आफूले २४ घण्टामा पीडकहरुलाई कानुनको कट्घरामा ल्याएर देखाउँने भन्दै मुख्यमन्त्री यादवले त्यसका लागि संघीय सरकारले तत्काल आफ्नो मागको सुनवाई गर्नुपर्ने बताउनुभयो ।

“समाजमा भ्रष्टाचार, अनियमितता र मिटरब्याज पीडितजस्ता थुप्रै समस्या छन् तर प्रहरी र कर्मचारी प्रशासन हामीसँग नभएकाले प्रदेश सरकार मूकदर्शक मात्रै भइरहेको छ । त्यो समस्या समाधानका लागि पहल होस्, त्यो नहुँदासम्म हामीसँग समन्वय मात्रै भए पनि धेरै समस्या समाधान हुन्छ । त्यसैले प्रदेश सरकारसँग समन्यव नभएमा कुनै आयोगले पनि काम गर्नसक्दैन”, मुख्यमन्त्री यादवले भन्नुभयो ।

कार्यक्रममा नेकपा ( एमाले) मधेश प्रदेश संसदीय दलका उपनेता दिपेन्द्र ठाकुर, नेकपा (माओवादी केन्द्र) मधेश प्रदेश संसदीय दलका नेता भरतप्रसाद साह, जनमत पार्टी मधेश प्रदेश संसदीय दलका नेता महेशप्रसाद यादवले अनुचित लेनदेनसम्बन्धी समस्या समाधानका लागि पार्टीको तर्फबाट सम्पूर्णरुपमा सहयोग गर्न तयार रहेको प्रतिवद्धता व्यक्त गर्नुभयो ।

मिटरब्याज पीडितको तर्फबाट मनोज पासवानले पाँच बुँदे समहति कार्यान्वयनका लागि सरकारले देखाएको तत्परताका लागि धन्यबाद दिनुभयो । उहाँले करिब ९० प्रतिशत पीडितहरु ठोस् प्रमाणको अभावमा थप अन्यायमा परेकाले यसलाई गम्भीरतापूर्वक समाधानका लागि आयोगले ध्यानदिनुपर्ने बताउनुभयो ।

यसअघि न्यायका लागि मधेश प्रदेशका विभिन्न जिल्लाबाट पदलै राजधानी काठमाडौं गएका मिटरब्याज पीडितसँग चैत १८ गते सरकारले पाँच बुँदे सम्झौता गरेको थियो । सोही सम्झौताअनुसार प्रशासकीय अदालतका पूर्वअध्यक्ष बद्रीबहादुर कार्कीको अध्यक्षतामा तीन सदस्यीय जाँचबुझ आयोग गठन गरिएको छ ।

# जानकी नवमी हर्षोल्लासका साथ मनाइयो

जनकपुरधाम, १७ वैशाख (रासस) । त्रेतायुगमा वैशाख शुक्ल नवमी दिन जगत्जननी माता जानकी प्रकट (जन्म) भएको उपलक्ष्यमा शनिबार मिथिला क्षेत्रमा हर्षोल्लासका साथ जानकी नवमी मनाइएको छ ।

नेपाललगायत भारतका सीता-राम मन्दिरमा मनाइने जानकी प्राकट्य महोत्सव मिथिलाका राजर्षि राजा जनकको राजधानी जनकपुरधाममा भने विगतका वर्षहरूमा जस्तै धुमधामका साथ मनाइएको जानकी मन्दिरका सहमहन्थ रामरोशन दास वैष्णवले जानकारी दिनुभयो ।

करिब एक सातादेखि जनकपुरधामका सीताराम मन्दिरमा विभिन्न धार्मिक अनुष्ठान हुँदै आए पनि वैशाख शुक्ल नवमीका दिन शनिबार भने जानकी मन्दिरमा विशेष पूजा, दिपावली र आरतीसहितका कार्यक्रम आयोजना गरियो । तत्कालीन मिथिलाका राजा जनक पानी नपरेर खडेरी हुन थालेपछि किसानहरूको हौसला र वर्षाका लागि इन्द्रदेवलाई आग्रह गर्न आफैं खेतमा हलो जोत्न लागेको बेला वैशाख शुक्ल नवमीका दिन माता जानकी धर्तीबाट प्रकट हुनुभएको किंवदन्ती छ ।

त्यही दिनको सम्झना र माता जानकीको सम्झनामा शनिबार बिहानै ऐतिहासिक दूधमती नदीमा शाही स्नान, माता जानकी दिउँसो १२ बजे प्रकट हुनुभएको किंवदन्तीअनुसार जानकी मन्दिरमा प्राकट्य महोत्सव, बेलुका डोला शोभायात्रा, साँझ दिपावली र राति बधैयागानसहितका कार्यक्रम आयोजना गरियो ।

यस अवसरमा हिन्दू धर्मका विभिन्न सङ्घसंस्था तथा समाजहरूले शनिबार दिउँसो जनकपुरधाममा धार्मिक र्‍याली निकालेका थिए । त्यसैगरी विश्व हिन्दू परिषद् नेपाल धनुषाले जानकी मन्दिर प्राङ्गणमा विगत वर्षहरूमा जस्तै अलौकिक कन्या पूजन् एवं सम्मान समारोहको आयोजना गरेको परिषद् धनुषाका अध्यक्ष सन्तोषकुमार साहले जानकारी दिनुभयो ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics
(BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine
(NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. यमेश यादव
Dr. Yamesh Yadav
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
जेनरल सर्जन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क :
कृताञ्जली मेडिकल हँल
राजविराज
Mo. No : 9842830252, 9804605569

# दण्डहीनताविरुद्ध शान्ति समाजले देशव्यापी अभियान चलाउने

काठमाडौँ, १७ वैशाख (रासस)। मानव अधिकार तथा शान्ति समाजले छ सुत्रीय धारणासहित कुशासन र दण्डहीनताविरुद्ध आगामी जेठ १ गतेदेखि देशव्यापी रुपमा तेस्रो चरणको अभियान प्रारम्भ गर्ने भएको छ ।

वैशाख अन्तिम सातासम्म पनि शान्ति समाजले अघि सारेका छ वटा विषयमा ठोस् प्रगति नभए तेस्रो चरणको अभियान थाल्ने छ। त्यसक्रममा काठमाडौँ उपत्यकाका विभिन्न स्थानमा चरणवद्ध रुपमा प्रदर्शन, कोणसभा, विभिन्न जिल्लामा जिल्ला प्रशासन कार्यालय अगाडि एक घण्टा शान्तिपूर्ण धर्नालगायत कार्यक्रम आयोजना गरिने छन् ।

कार्यक्रममा शान्ति समाजका संस्थापक सभापति कृष्ण पहाडीलगायत नागरिक अगुवाले सम्बोधन गर्नुहुने सभापति रामकृष्ण बरालले राससलाई जानकारी दिनुभयो । आन्दोलनका क्रममा शान्ति समाजले अघि सारेका छ वटा विषयमा कुशासन र दण्डहीनता नै लोकतन्त्रको ठूलो शत्रु भएकाले सुशासनको प्रत्याभूति, आर्थिक पारदर्शिता र जवाफदेहिता सुनिश्चित हुनुपर्ने माग मुख्य बुँदाका रुपमा अघि सारिएका छन् । विगतमा भएका कयौँ ठूला घोटालाको प्रभावकारी अनुसन्धान गरी दोषिमाथि कानुनी कारबाही गर्नुपर्ने, नीतिगत भ्रष्टाचार गर्ने जुनसुकै राजनीतिज्ञलाई उन्मुक्ति दिन नहुने माग पनि समाजले अघि सारेको छ ।

सङ्क्रमणकालीन न्यायसम्बन्धी संसदमा प्रस्तुत संशोधन विधेयक मानव अधिकार मैत्री हुनुपर्ने र पीडितलाई न्याय एवं पीडकलाई सजाय सुनिश्चित गरिनुपर्ने आवाज समाजले उठाउँदै आएको छ। ह्रासोन्मुख अर्थतन्त्र, चरम आर्थिक सङ्कटको आशङ्का एवं महङ्गीका कारण नागरिक आहत भएका बेला राज्यकोषको बढ्दो दुरुपयोगप्रति गम्भीर चिन्ता एवं तीव्र आपत्ति व्यक्त गर्दै, विस्तृत शान्ति सम्झौताको मर्म अनुरुप सङ्क्रमणकालीन न्यायलाई टुङ्गोमा नपुऱ्याउञ्जेलसम्म राज्यकोषमा भार पर्नेगरी उपलब्ध गराइने कुनै पनि प्रकारको सहयोग बन्द गर्नुपर्ने माग समाजले अघि सारेको छ ।

अनमिनद्वारा अयोग्य घोषित चार हजार आठ पूर्व माओवादी लडाकु (दुई हजार नौ सय ७३ जना अठार वर्ष मुनिका र २०६३ जेठमा युद्धविरामपछि माओवादीद्वारा भर्ति गरिएका एक हजार ३५ जना) प्रत्येकलाई रु दुई लाखका दरले सहयोग उपलब्ध गराउने (रु ८० करोड १६ लाख) सरकारी निर्णय तत्काल खारेज गर्नुपर्ने माग पनि समाजले राखेको छ। सर्वोच्च अदालतमा रिक्त प्रधानन्यायधीश र पाँच न्यायधीश एवं उच्च अदालत तथा जिल्ला अदालतमा रिक्त दर्जनौं न्यायधीश विधिसम्मत ढङ्गले शीघ्र नियुक्त गर्नुपर्ने माग समाजले राख्दै आएको छ ।

न्यायपालिकालाई धम्क्याउने र राजनीतिकरण गर्ने कार्य बन्द गर्नुपर्ने, राजनीतिक पृष्ठभूमिका व्यक्तिलाई न्यायधीश नियुक्त गर्ने कार्य अन्त्य हुनुपर्छ, भन्ने माग पनि समाजको छ। दण्डहीनताको अन्त्यका लागि अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधानलाई नेपालले तत्काल अनुमोदन गर्नुपर्छ भन्ने बुँदालाई पनि समाजले लामो समयदेखि उठाउँदै आएको छ । यसै सिलसिलामा शान्ति समाजको आयोजनामा "लोकतन्त्रको १७ वर्ष : सङ्क्रमणकालीन न्याय अलपत्र" शीर्षकमा गत चैत १७ गते २६ जिल्लामा र "राष्ट्रिय उत्सव : लोकतन्त्र दिवस कि जनयुद्ध दिवस ?" शीर्षकमा यही वैशाख ११ गते २९ जिल्लामा कार्यक्रम सम्पन्न गरिएको समाजले जनाएको छ ।

# नागरिकताको प्रमाणपत्र किर्ते गरी सामाजिक सुरक्षा भत्ता वितरण

जलेश्वर, १७ वैशाख (रासस)। महोत्तरी जिल्लाको सम्सी गाउँपालिकाका एक पूर्ववडाध्यक्ष र वडा सचिवले नेपाली नागरिकताको प्रमाणपत्र किर्ते गरी सामाजिक सुरक्षा वितरण गरेको रहस्य खुलेको छ ।

सम्सी गाउँपालिका-२ पर्सादेवाडका विसं २०७४ मा निर्वाचित वडाध्यक्ष मोहम्म्द मकसुद र तत्कालीन वडासचिव मनोहर मण्डलले नेपाली नागरिकताको प्रमाणपत्रमा केरमेट गरी २२ जनालाई सामाजिक सुरक्षा भत्ता वितरण गरेको तथ्य बाहिर आएको छ ।

उनीहरूका मिलेमतोमा सरकारी कागज र छाप किर्ते गरी एउटै व्यक्तिको नाममा दुईवटा नागरिकता नम्बर प्रचलनमा ल्याएर सामाजिक सुरक्षा भत्ता वितरण गरेको पाइएको छ।

साथै एउटै व्यक्तिको नागरिकता नम्बरलाई केरमेट गरी फरकफरक नाम र जन्ममिति राखी सामाजिक सुरक्षा भत्ता खाने उमेर बढाएको पनि पाइएको छ । उनीहरुले वितरण गरेको सामाजिक सुरक्षा भत्ताबारे छानविन गर्न जिल्ला प्रशासन कार्यालयमा उजुरी गरिएपछि सो कुरा बाहिरिएको हो ।

वडा सचिव मण्डल र वडाध्यक्ष आलमको जालसाजीका कारण अकिला खातुनले रु४४ हजार, असगरी खातुनले रु ९६ हजार, असरुल सोखिनले रु ४४ हजार, इसराईल शेषले रु ३२ हजार, तारा खातुनले रु ४४ हजार, नजिरा खातुनले रु ९६ हजार, विल्टुन खातुनले रु २४ हजार, माझी नदाफले रु ९६ हजार, मैनदिन शेषले रु ४४ हजार, मोजिबुल मोमिनले रु ४४ हजार, रहिमा खातुनले रु ९२ हजार, वरिदा खातुनले रु ९६ हजार, समुदा खातुनले रु ७२ हजार, शेष लाल बाबुले रु ९६ हजार, जरिना खातुनले रु एक लाख २८ हजार, डुमैरा खातुनले रु ८७ हजार, शेष सदिकले रु ४८ हजार, हासिम मोमिनले रु ९६ हजार, हसिना सोखिनले रु ९९ हजार नौ सय, शेख सफी अहमदले रु ९६ हजार, समिना खातुनले रु ८४ हजार शैरा खातुनले रु ९६ हजार बुझेकाले उनीहरुबाट पनि उक्त रकम असुल गरिने वडा कार्यालयले जनाएको छ।

तत्कालीन वडा सचिव मण्डल र वडाध्यक्ष आलममाथि कारबाहीका साथै उनीहरूबाट बिगो स्वरूप रु१६ लाख१४ हजार नौ सय असुल गर्नु पर्ने देखिएकाले कारबाहीका लागि पत्राचार भइरहेको वर्तमान वडाअध्यक्ष शेष अञ्जारेले जानकारी दिनुभयो तर गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत गणेशचन्द्र मिश्रले उजुरीमाथि छानविनका लागि न्यायिक समितिमा पठाइएको र समितिको प्रतिवेदनअनुसार व्यक्तिमाथि असुल गरिनेमा जोड दिनुभयो ।

# पाठ्यपुस्तक छपाइ सम्पन्न

काठमाडौं, १७ वैशाख (रासस)। नेपाल सरकारले विद्यार्थी भर्ना अभियानसँगै सबै सामुदायिक विद्यालयमा सबै विद्यार्थीले सहजरुपमा निःशुल्क पाठ्यपुस्तक प्राप्त गर्ने व्यवस्था मिलाइएकाले पाठ्यपुस्तक अभाव भएमा सूचना दिन आग्रह गरेको छ ।

शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयले आइतबार पत्रकार सम्मेलन गरी यही वैशाख दोस्रो सातासम्ममा सामुदायिक विद्यालयमा भर्ना भएका सबै विद्यार्थीले पाठ्यपुस्तक पाइसकेको जानकारी दिँदै भर्नासँगै विद्यार्थीको हातहातमा पाठ्यपुस्तक उपलब्ध गराउने कार्यमा माथिल्लो निकाय, सम्बन्धित निकाय र सञ्चार क्षेत्रबाट सकारात्मक सहयोग मिलेको जनाएको छ ।

मन्त्रालयका अनुसार यस शैक्षिकसत्रका लागि प्रक्षेपित कक्षा १ देखि ५ सम्म जम्मा २३ लाख ९२ हजार छ सय ३६ र कक्षा ६ देखि १० सम्म २० लाख ४६ हजार चार सय ५० का लागि आवश्यक पुस्तक जनकशिक्षा सामग्री केन्द्र लिमिटेड र निजी प्रेसबाट उत्पादन गराइएको छ। जनकशिक्षाबाट कक्षा ६ देखि १० सम्मका लागि एक करोड ५५ लाख थान र निजी क्षेत्रका मुद्रकबाट कक्षा१ देखि ५ सम्मका लागि एक करोड १८ लाख थान पाठ्यपुस्तक छपाइ कार्य सम्पन्न भएको छ ।

पत्रकार सम्मेलनमा मन्त्रालयका सचिव रामकृष्ण सुवेदीले प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड', मुख्यसचिव शङ्करदास वैरागी, संसदीय समिति र अख्तियार दुरुपयोग अनुसन्धान आयोग समेतबाट भएको निर्देशन र पहलका कारण यस वर्ष सहजरुपमा उत्पादन र बिक्रीवितरण भएको बताउनुभयो । जनकशिक्षा सामग्री केन्द्र लिमिटेडका प्रबन्ध सञ्चालक अनिलकुमार झाले उत्पादन क्षमतामा वृद्धि भएकाले आगामी वर्षका लागि पनि कक्षा १ देखि १२ सम्मको पाठ्यपुस्तक समयमै छपाइ र बिक्रीवितरणका लागि तयार रहेको स्पष्ट गर्नुभयो ।

पाठ्यक्रम विकास केन्द्रका महानिर्देशक वैकुण्ठ अर्यालले परिवर्तन गरिएका पाठ्यक्रममा बाहिरी आवरण मात्रै परिवर्तन गरेर भित्री पृष्ठमा पुरानै विषयवस्तु हुबहु छापेर बिक्री गर्ने आठराई प्रकाशन र ओएसिस प्रकाशनलाई स्पष्टीकरण सोधिएको र कारबाहीको प्रक्रिया अघि बढाइएको जानकारी दिनुभयो।

शिक्षा तथा मानव स्रोत विकास केन्द्रका निर्देशक चूडामणि पौडेलले विद्यार्थीले समयमै पाठ्यपुस्तक पाउँदा भर्ना अभियानमा सहयोग पुगेको र भर्ना अभियानको समग्र अगुवाइ स्थानीय तहले गरिरहेको बताउनुभयो ।

# लालबन्दीमा हालसम्म अढाइ सय क्षयरोगका बिरामी फेला

सर्लाही, १७ वैशाख (रासस)। लालबन्दी नगरपालिकामा हालसम्म करिब अढाइ सय जना क्षयरोगी फेला परेका छन् । सत्र वडा रहेको सो नगरपालिकामा हालसम्म दुई सय ५४ क्षयरोगी फेला परेका नगर स्वास्थ्य शाखाका प्रमुख मुमताज मिक्रानीले जानकारी दिनुभयो ।

उहाँका अनुसार नगरपालिकामा गत आर्थिक वर्ष २०७८/७९ मा एक सय ५७ र चालु आव २०७९/८० को हालसम्म ९७ गरी दुई सय ५४ जना क्षयरोगका बिरामी फेला परेका हुन् । नगरभित्र क्षयरोगीका बिरामीको खोजतलास भइरहेको साथै हालसम्म फेला परेका क्षयरोगका बिरामीले नियमित औषधि सेवन गरिरहेका नगर स्वास्थ्य शाखाले जनाएको छ ।

विशेषगरी नगरभित्रका दलित, गरिब एवम आर्थिक रूपमा विपन्न समुदायमा यो रोग बढी देखा परेको पाइएको नगर स्वास्थ्य शाखाका सह संयोजक सुरेन्द्र खतिवडाले जानकारी दिनुभयो । क्षयरोगमुक्त नगरपालिका घोषणा अभियानको सुरु गर्दै गरिएको कार्यक्रममा नगर स्वास्थ्य शाखाले नगरभित्र हालसम्म दुई सय ५४ जना मानिसमा क्षयरोग देखा परेको र अरु मानिसको पनि पहिचान गर्ने काम भइरहेको जनाएको छ ।

नेपाल सरकारले ल्याएको नीतिलाई स्थानीय तहका रुपमा नगरपालिकाले पनि अवलम्बन गरेको र नगरभित्र हाल रहेका

*बाँकी अन्तिम पृष्ठमा*

## विश्व समाचार

# सुडानमा फेरि भीषण युद्ध, अन्नपानीको अभावमा जनजीवन अस्तव्यस्त

खार्तुम, १७ वैशाख (रासस/एएफपी)।

सुडानको राजधानी खार्तुममा पुनः भीषण युद्ध शुरु भएको छ। युद्धग्रस्त क्षेत्रबाट सर्वसाधारणलाई सुरक्षित रुपमा बाहिर जाने वातावरण बनाउने उद्देश्यले गरिएको पछिल्लो युद्धविराम भङ्ग भएको छ ।

सुडानी सेनाले विपक्षी अर्धसैनिक बल आरएसएफलाई चारै दिशाबाट आक्रमण गरिरहेको बताएको छ। युद्धका कारण घरमै फसेका हजारौँ सुडानी अन्नपानीको अभावमा छटपटाइ रहेका छन्। युद्धकै बीचमा जोखिम मोलेर विदेशी नागरिकलाई भने सम्बन्धित देशका सरकारले सुरक्षित स्थानतर्फ लगिरहेका छन्।

अस्थिरताको पर्याय बनेको उत्तरपूर्वी यो अफ्रिकी मुलुकमा सन् २०२१ मा लामो समयदेखि शासन सत्ता सञ्चालन गरेका ओमार अल बशीरलाई सत्ताच्युत गरेपछि बुहारन र डगालोबीचको शक्ति सङ्घर्षले लिएको उग्ररुपको परिणाम अहिलेको द्वन्द्वको प्रमुख कारण हो ।

सुडानामा नागरिक शासन कसरी पुनःस्थपान गर्ने भन्नेमा उत्पन्न मतभेद नै यो भीषण युद्धको कारण बनेको छ। आरएसएफले देशका सम्भ्रान्त वर्गविरुद्ध सीमान्तकृत समूहको प्रतिनिधित्व हुनुपर्ने माग गरेको छ भने आरएसएफका सेनालाई जातीय सफाया गरेको आरोप बुरहान समूहले लगाएको छ ।

आरएसएफलाई सेनामा समाहित गर्ने विषयमा सेना प्रमुख अब्देल फताह अल बुरहान र आरएसएफ प्रमुख मोहम्मद हमदान डगालोबीचको मतभिन्नता निरुपण नहुँदा समस्या बल्झेको विश्लेषकले बताएका छन् ।

पन्ध्र दिनअघि शुरु युद्धमा कम्तीमा पाँच सय १२ जनाको मृत्यु भएको तथा चार हजार एक सय ९३ जना घाइते भएका सुडानी स्वास्थ्य मन्त्रालयले जनाएको छ। यद्यपि युद्धमा परी ज्यान गुमाउने र घाइते हुनेको सङ्ख्या यो भन्दा धेरै बढी भएको ठानिएको छ। राष्ट्रसङ्घीय निकायले करिब दुई लाख सुडानी सुरक्षित स्थानको खोजीमा छिमेकी मुलुकतर्फ भागेका बताएका छन् ।

आठ वटा अफ्रिकी मुलुकका साथै अमेरिका, बेलायत र संयुक्त राष्ट्रसङ्घको ७२ घण्टा पुनःयुद्धविराम गराउने गहन कूटनीतिक प्रयास गत बिहीबार सफल भएको र द्वन्द्वरत पक्षले त्यसलाई पालना गर्ने बताएका थिए तर उक्त सहमति पूर्णरुपले पालना नभएकामा अन्तरराष्ट्रिय समुदायले गम्भीर चिन्ता व्यक्त गरेका छन् । युद्धबाट सुडानका १८ मध्ये १२ वटा राज्य प्रभावित भएका छन् । डार्फुर र राजधानी खार्तुम अधिक प्रभावित भएका छन् । राष्ट्रसङ्घीय खाद्य कार्यक्रमले युद्ध जारी रहेमा एक करोड ५० लाख सुडानी भोकमरीको चपेटामा पर्ने चेतावनी दिएको छ ।

# आफ्ना तीन सन्तानलाई झुन्ड्याएर मारेपछि आत्महत्या

गया (विहार), १७ वैशाख (रासस/एएनआई)।

विहारको गया जिल्लामा एक महिलाले आफ्ना तीन सन्तानलाई झुन्ड्याएर मारेपछि आत्महत्या गरेकी छन्। जिल्लाको मग्रा क्षेत्रकी मालती देवीले शनिबार आफ्ना तीन जना बालबच्चाको झुन्ड्याएर हत्या गरेपछि आत्महत्या गरेकी प्रहरीले जनाएको छ।

प्रहरीले सार्वजनिक गरेको प्रारम्भिक विवरणअनुसार पतिले सताएपछि उनले पहिले आफ्ना नानीलाई मारेर आत्महत्या गरेकी हुन्। छिमेकीरूले पनि मालतीको आत्महत्याको कारण उनका श्रीमान् नै भएको बताएका छन्। घरायसी तनावका कारण मालती आत्महत्याको बाटो रोज्न विवश भएकी उनीहरूको भनाइ छ। मालतीका पतिलाई पक्राउ गरेर अनुन्धान थालिएको छ।

यसैबीच, गत बिहीबार मध्यप्रदेशको इन्दोरकी ३४ वर्षीया एक महिलाले आत्महत्या गरेकी छन्। आफूलाई श्रीमान्ले ब्युटिपार्लर जाने अनुमति नदिएपछि उनले आत्महत्या गरेकी प्रहरीले जनाएको छ। पन्ध्र वर्षअघि बलराम यादवसँग विवाह बन्धनमा बाँधिएकी रीनालाई बलरामले ब्युटिपार्लर नजानू भनेका थिए।

रीनाले ब्युटिपार्लर जान अनुमति माग्दा बलरामले त्यसलाई अस्वीकार गरेका अनुसन्धान अधिकृत उमाशङ्कर यादवले बताएका छन्। बिहीबार साँझ कामबाट घरफर्केका बलरामले रीनालाई कोठामा झुन्डिएको अवस्थामा भेटेपछि प्रहरीलाई खबर गरेका थिए।

# कारखानामा ग्यास चुहिँदा एघार जनाको मृत्यु, एघार जना अचेत

लुधियाना (पञ्जाब), १७ वैशाख (रासस/एएनआई)।

पञ्जाब राज्यको लुधियाना जिल्लास्थित एक कारखानामा आइतबार बिहान ग्यास चुहिँदा एघार जनाको मृत्यु भएको छ भने अन्य ११ जना अचेत अवस्थामा फेला परेका छन्। उनीहरूलाई स्थानीय अस्पतालमा भर्ना गरिएको छ। राष्ट्रिय विपद् प्रतिकार्य बल (एनडिआरएफ)को एक समूह घटनास्थल पुगेको छ भने दमकल र चिकित्सकको टोली पनि त्यहाँ पुगेको छ। एनडिआरएफ टोली युद्धस्तरमा उद्धारमा जुटेको छ। घटनास्थलमा पुगेको प्रहरी टोलीका एक अधिकारीले ग्यास चुहिएर दुर्घटना भएको बताए पनि त्यससम्बन्धमा विस्तृत विवरण दिएका छैनन्। अनुसन्धान जारी छ।

# जनकपुरको भानुचोकमा आदिकवि भानुभक्तको सालिक राखिँदै

जनकपुरधाम,१७ वैशाख (रासस) ।
धनुषाको जनकपुरधामस्थित भानुचोकमा आदिकवि भानुभक्त आचार्यको सालिक १६ वर्षपछि पुनःस्थापना हुने भएको छ ।

शनिबार एक कार्यक्रमका बीच जनकपुरधाम उपमहानगरपालिकाका प्रमुख मनोजकुमार साह र उपप्रमुख किशोरी साहले सालिक पुनःस्थापनाका लागि निर्माण शुभारम्भ गर्नुभयो ।

पञ्चायतकालदेखि भानुचोक नामाकरण गरी राखिएको आदिकवि आचार्यको सालिक २०६२/६३ को मधेस आन्दोलनका क्रममा भत्केकामा नगरपरिषद्को निर्णयबमोजिम पुनःनिर्माण सुरु गरिएको नगरप्रमुख साहले जानकारी दिनुभयो । उहाँले आदिकवि आचार्य राजनीतिक व्यक्ति नभएकाले पञ्चायतकालदेखि नै जनकपुरधाममा प्रसिद्ध भानुचोकमा स्थानीय उपभोक्ता समितिमार्फत सालिकसहितको संरचना पुनःनिर्माण सुरु भएको बताउनुभयो ।

नगरउपप्रमुख किशोरी साहले पनि चालु आर्थिक वर्षको बजेटमा विनियोजित रु २० लाख लागतमा सालिक र सालिकस्थल पुनःनिर्माण गरिने बताउनुभयो । मधेसवादी दलसम्बद्ध विद्यार्थी तथा युवा सङ्गठनले भने यस कार्यको विरोध गरेका छन् । निर्माण स्थलमा ठूलो सङ्ख्यामा उपस्थित भएका जनता समाजवादी पार्टी (जसपा), लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा), जनमत पार्टीलगायत दल निकट विद्यार्थी तथा समर्थकले नाराबाजीसहित विरोध गरेका हुन् ।

साविक भानुचोकमा आदिकवि आचार्यको नभई मधेस आन्दोलनका प्रथम सहिद रमेश महतोको सालिक निर्माण हुनुपर्ने मधेशवादी सङ्गठनहरूको माग छ । यसअघि शुक्रबार संयुक्त युवा विद्यार्थी मोर्चाको नाममा पाँच सङ्गठनले संयुक्त विज्ञप्ति जारी गर्दै विरोध जनाएका थिए ।

आन्दोलन र नाराबाजीकै बीच गरिएको शिलान्यास कार्यक्रमपछि नगरप्रमुख साहले मधेसी सहिदहरूको सम्मानका लागि यसअघि नै नगरपालिकाले सहिदगेट निर्माण गरी रमेश महतोलगायतका सहिदहरूको सालिक राखिसकेकाले विरोध नगर्न आग्रह गर्नुभएको थियो ।

"आदिकवि भानुभक्त आचार्य राजनीतिक व्यक्ति हुनुहुन्न । उहाँको नाममा वर्षौं पहिले भानुचोक नामकरण भई सालिकसमेत राखिसकेको अवस्था हो । त्यसैले यसलाई राजनीतिक रङ्ग दिन जरुरी छैन", उहाँले भन्नुभयो ।

# चटचाङ लागेर ५४ भेडा मरे

पाँचथर, १७ वैशाख (रासस) ।
पाँचथरमा चटचाङले लागेर एकै गोठका ५४ वटा भेडा मरेका छन् । जिल्लाको फालेलुङ गाउँपालिका-३ देउरालीमा बान्टेको रुखमुनि ओत लागेर बसेका भेडालाई शुक्रबार साँझ चटचाङले लागेको थियो ।

चटचाङले लागेर स्थानीयवासी प्रकाश राई, शुक्रबहादुर राई, सुरेन्द्र आङ्बो र टेकबहादुर गुरुङले सञ्चालन गर्दै संयुक्त रुपमा पाल्दै आएका ५४ वटा भेडा मृत फेला परेको तथा १२ वटा घाइते फेला परेको जिल्ला प्रहरी कार्यालय पाँचथरले जनाएको छ । मरेका अधिकांश माउ भेडा छन् ।

चटचाङले लागेर भेडाको रेखदेख गर्दै आएका याङवरक गाउँपालिका-३ घर भएका ५५ वर्षीय प्रेम राई घाइते भएका छन् । जिल्ला प्रहरी कार्यालय पाँचथरका प्रमुख प्रहरी नायब उपरीक्षक हरि खतिवडाका अनुसार बाहिरी चोट नदेखिए पनि राईको शरीरको दायाँ पाटो नचलेका कारण स्थानीय स्वास्थ्यचौकीमा उपचार थालिएको छ । उक्त गोठमा एक सय ३० भन्दा बढी भेडा रहेका थिए । भेडा मरेपछि क्षतिको विवरण सङ्कलन भइरहेको प्रहरीले जनाएको छ ।

# चटचाङ लागेर घाइते महिलाको मृत्यु

ओखलढुङ्गा, १७ वैशाख (रासस) ।
शनिबार अपराह्न वर्षातसँगै परेको चटचाङ लागेर गम्भीर घाइते भएकी खिजीदेम्बा गाउँपालिका-२ तोपडाँडाकी ५७ वर्षीय देवमाया बुढाथोकीको मृत्यु भएको हो ।

घरभित्रै बसिरहेका बेला उनीलाई चटचाङ लागेको थियो । बुढाथोकीलाई उपचारका लागि रामेछापको मन्थली लैजाने क्रममा आइतबार बिहान मृत्यु भएको जिल्ला प्रहरी कार्यालय ओखलढुङ्गाका प्रहरी निरीक्षक देवेन्द्र दासले जानकारी दिनुभयो ।

ओखलढुङ्गामा चटचाङ लागेर यही वैशाख महिनामा मात्रै दुई जनाको मृत्यु भइसकेको छ । जिल्लामा बर्सेनि चटचाङका कारण जनधनको क्षति हुने गरेको छ ।

# हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- बिहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं ।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा बिहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं ।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं ।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं ।
- कहीँ कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं ।

अनुरोधकर्ता
सुरुङ्गा नगरपालिका, सप्तरी

# उपमेयर चढ्ने गाडीले किचिएर आफ्नै १४ महिने नातिनीको मृत्यु

**दैनिक समाचारदाता**
**धनुषा, १७ वैशाख ।**
उपमेयर चढ्ने गाडीले किचिएर आइतबार १४ महिने बालिकाको मृत्यु भएको छ ।

धनुषाको हंशपुर नगरपालिकाकी उपमेयर दुर्गा देवी मण्डल चढ्ने बा.१६च. ९२६ नम्बरको सोमुले किचिएर उनकै नातिनी १४ महिने लक्ष्मीनिया कुमारीको मृत्यु भएको हो ।

प्रहरीका अनुसार आइतबार दिउँसो आफ्नै घरमा गाडी पछाडि गर्ने क्रममा किचिएर बालिकाको घटनास्थलमै मृत्यु भएको हो ।

प्रहरीले गाडी चालक शहिदनगर नगरपालिका ४ बस्ने ३० वर्षीय दीपेन्द्रकुमार रायसहित गाडी पनि नियन्त्रणमा लिएको छ ।

***लालबन्दीमा हालसम्म ...***

क्षयरोगीलाई नियमित औषध सेवन गर्न आग्रह गर्दै अरु क्षयरोगीको पहिचान गर्ने काम पनि गरिरहेको नगर प्रमुख वासुदेव अधिकारीले बताउनुभयो ।

उहाँले नगरपालिकालाई क्षयरोगमुक्त बनाउने प्रतिबद्धतासमेत व्यक्त गर्नुभयो । वर्तमान अवस्थामा क्षयरोग कम चर्चाको रुपमा हेरिएको भए पनि क्षयरोग एकदम जर्जर अवस्थामा रहेको नगर स्वास्थ्य शाखाले जनाएको छ ।


## डा. कालीप्रसाद यादव

MBBS, MD Internal Medicine (NAMS Bir Hospital, Kathmandu) NMC NO. 13203

**कन्सलटेन्ट फिजिसियन**

मधुमेह (चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग

**हाल कार्यरत : गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज**

## डा. रिपला आचार्य

MBBS, MD (BPKIHS) NMC NO. 19992

**छाला, यौन तथा कुष्ठरोग विशेषज्ञ**

डण्डीफोर, कपाल झर्ने, एलर्जीदाद, ढुसीदाद, चायापोतो तथा दागहरु, सेतोदुबी

यहाँ हरेक किसिमका छाला, नङ्ग, कपाल, ओठ, मुख तथा यौन अंगमा भएका समस्याको सफल उपचार गरिन्छ ।

**सम्पर्क स्थान : जय श्री कृष्ण फार्मेसी**

**हनुमाननगर रोड, राजविराज, ९८१९७२१५२६, ९८१७७८१९८७**

## बालबालिकालाई स्तनपान किन गराउने ?

- आमाको दुधले बालबालिकाको जीवन रक्षा गर्छ ।
- आमाको बिगौति दुधले बालबालिकालाई खोपसरहको काम गर्छ ।
- आमाको दुधमा बालबालिकालाई आवश्यक पर्ने पर्याप्त पानी र खनिज हुन्छ ।
- स्तनपानले आमालाई स्तन र पाठेघरको क्यान्सर हुनबाट बचाउँछ ।
- स्तनपानले शिशुको शारिरीक, मानसिक, बौद्धिक तथा सामाजिक विकासमा मद्दत गर्छ ।

त्यसैले बालबालिकालाई पर्याप्तमात्रामा स्तनपान गराऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु

**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५३१०९६

ipay remit · CITY EXPRESS · Best Remit Quick & Easy · PRABHU Money Transfer · IME International Money Express · himal remit हिमालरेमिट · CG Money


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*